## निर्णयहरु:

१. मिति २०८१/०९/१५ गते निधन भएका वडा नं. ३ का वडा सदस्य एंव गाउँसभा सदस्य श्री कामी छिरीङ शेर्पाज्यूको निधनप्रति गहिरो दु:ख व्यक्त गर्दै शोक प्रस्ताव पारित गरियो।

२. लेहेरा फाउन्डेशनले व्यवसाय दर्ता गर्नका लागि पेश गरेको कागजातको आधारमा फिजियोथेरापी व्यवसाय सञ्चालन गर्नका लागि आवश्यक पर्ने थप कागजात माग गर्ने एंव जनशक्तिको विवरण फाउन्डेशनलाई पत्राचार गर्ने।

३. हिमालयन बुद्धपार्कको DPR स्विकृत गर्ने , सो पार्कका लागि लागत अनुमान अनुसार हाललाई रु ४,५६,०००,०० स्रोत सुनिश्चित गर्ने र तत्काल ठेक्का प्रकृया अघि बढाउने।

४. देहायानुसारका बजेट तथा कार्यक्रम संसोधन गरी गाउँसभामा पेश गर्ने।

### चालु तर्फ:

| क्र.स. | रकमान्तर गर्ने शिर्षक | बजेट | रकमान्तर हुने शिर्षक | बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १. | युवा समूह,टोल विकास संस्था,महिला समूह,लाभग्राही समूह/समितिका लागि क्षमता विकास कार्यक्रम | ५,००,००० | पर्यटन गुरुयोजना निर्माण | ५,००,००० | |
| २. | जनप्रतिनिधि तथा कर्मचारीका लागि क्षमता अभिवृद्धि तालिम | १,००,००० | परीक्षा संचालन | १,००,००० | |
| ३. | मसलन्द तथा कार्यलय संचालन | ७,००,००० | महिला दिवस कार्यक्रम | ७,००,००० | |
| ४. | पारिश्रमिक कर्मचारी | ११,१५,००० | CITC बाट राखिएका शिक्षकहरुको तलव व्यवस्थापन | ११,१५,००० | |
| ५. | विविध खर्च | ५,१०,००० | महेन्द्र ज्योती मा वि लाई सोलार ढुवानी अनुदान | ५,१०,००० | |

### पूँजिगत तर्फ:

| | | | | | |
|---|---|---|---|---|---|
| १. | फाक्दिङ,मञ्जो,जोरसल्ले | ३३,००,००० | विधालय मागमा | ३३,००,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | क्षेत्रमा विद्युत वितरण लाइन विस्तार | | आधारित पूर्वाधार कार्यक्रम | | |
| २. | फाक्दिङ,मञ्जो,जोरसल्ले क्षेत्रमा विद्युत वितरण लाइन विस्तार | २०,००,००० | ४ नं. वडा कार्यलयमा सेनेटरी तथा इलेक्ट्रोनिक कार्य सम्पन्न गर्न। | २०,००,००० | |
| ३. | फाक्दिङ,मञ्जो,जोरसल्ले क्षेत्रमा विद्युत वितरण लाइन विस्तार | ३५,००,००० | सवारी साधन खरिद | ३५,००,००० | |
| ४. | फाक्दिङ,मञ्जो,जोरसल्ले क्षेत्रमा विद्युत वितरण लाइन विस्तार | ७,००,००० | जोरसल्लेमा पोष्ट निर्माण | ७,००,००० | |
| ५. | फाक्दिङ,मञ्जो,जोरसल्ले क्षेत्रमा विद्युत वितरण लाइन विस्तार | १३,००,००० | घाटमा वर्षे भेल नियन्त्रण एंव पदमार्ग निर्माण | १३,००,००० | |
| ६. | फाक्दिङ,मञ्जो,जोरसल्ले क्षेत्रमा विद्युत वितरण लाइन विस्तार | २५,००,००० | ठुलो गुमेलामा फायर फाइटिङ्ग प्रणाली जडानका लागि सामाग्री खरिद | २५,००,००० | |
| ७. | फाक्दिङ,मञ्जो,जोरसल्ले क्षेत्रमा विद्युत वितरण लाइन विस्तार | २५,००,००० | नाम्चे हस्पितलका लागि एक्सरे मेशिन खरिद | २५,००,००० | |
| ८. | • फाक्दिङ हेलिप्याड जाने बाटो निर्माण<br>• फाक्दिङ,मञ्जो,जोरसल्ले क्षेत्रमा विद्युत वितरण लाइन विस्तार | ३,००,०००<br>७,००,००० | फाक्दिङ्ग बस्ती भित्र बाटो निर्माण | १०,००,००० | |
| ९. | फाक्दिङ,मञ्जो,जोरसल्ले क्षेत्रमा विद्युत वितरण लाइन विस्तार | १५,००,००० | RMTMP निर्माण | १५,००,००० | |
| १०. | फाक्दिङ,मञ्जो,जोरसल्ले क्षेत्रमा विद्युत वितरण लाइन विस्तार | १०,००,००० | सुर्के, चौरिखर्क, हाडिखोला, लुक्ला सडकको DPR निर्माण | १०,००,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | क्षेत्रमा विद्युत वितरण लाइन विस्तार | | | | |
| १२. | फाक्दिङ,मञ्जो,जोरसल्ले क्षेत्रमा विद्युत वितरण लाइन विस्तार | ५,००,००० | फेरुचे जोड्ने पुलको दुवै साईडमा पहुँचमार्ग निर्माण गर्न | ५,००,००० | |
| १३. | फाक्दिङ,मञ्जो,जोरसल्ले क्षेत्रमा विद्युत वितरण लाइन विस्तार | ३,००,००० | पाङबोचे स्वास्थ्य चौकीका लागि स्वास्थ्य उपकरण खरिद | ३,००,००० | |
| १४. | फाक्दिङ,मञ्जो,जोरसल्ले क्षेत्रमा विद्युत वितरण लाइन विस्तार | ५,००,००० | लुक्ला आ वि को ढल वयवस्थापनका लागि पाईप खरिद | ५,००,००० | |
| १५. | फाक्दिङ,मञ्जो,जोरसल्ले क्षेत्रमा विद्युत वितरण लाइन विस्तार | ६०,००,००० | ब्याकु लोडर मेसिन | ६०,००,००० | |
| १६. | फाक्दिङ,मञ्जो,जोरसल्ले क्षेत्रमा विद्युत वितरण लाइन विस्तार | ३९,००,००० | ङिम दोर्जी शेर्पा पर्यटन सडक स्तरोन्नती | ३९,००,००० | |

## विविधः

क. खरिखोला,पैंयाखोला र सुर्के खोलामा पुल निर्माणगर्नका लागि DPR सहित सङ्घीय सहरी विकास मन्त्रालयसँग बजेट माग गर्ने।

ख. म्याद थपतर्फः

- खुम्जुङ खुन्दे ढल निर्माण कार्यको सम्झौता मिति २०८०/ ०८/२० मा समाप्त भएकोमा निर्माण व्यवसायीले निर्धारित समयमानै म्याद थपका लागि निवेदन पेश भएकोमा म्याद समाप्त भएको मिति देखी मिति २०८२ असार १५ गते सम्म म्याद थप गर्ने।
- ङिम दोर्जी शेर्पा पर्यटक सडक थामडाँडा, पैया,सुर्के गाउँपालिका केन्द्र विरुवा ए.डि./जे.भी. सँग २०८२/०१/३० गते सम्म म्याद थप गर्ने।

ग. खरिखोला देखी छेप्लुङ सम्मको मुख्य पदमार्ग र लुक्ला विमानस्थल देखी सगरमाथा आधारशिविर सम्मको मुख्यपदमार्ग Everest Trekking Trail कायम गरी वस्ति विकास, भवन निर्माण तथा अभिलेखिकरण सम्बन्धी मापदण्डको अनुसुचि १ को बुद्वदा नं. ३ मा सडक अधिकार क्षेत्र पदमार्गको केन्द्ररेखा देखी १.५/१.५ मिटर दाँया बाँया कायम गर्ने , सेटब्याक १.५ मिटर कायम गर्ने र यस अनुसार घर नक्सा पास गर्ने।

घ. दिङबोचेमा निर्माण गर्ने भनिएको प्रहरी चौकी भवन खरिखोलामा निर्माण गर्ने भनि सम्बन्धित निकायमा पत्राचार गर्ने।

ङ.यस पालिका अन्तर्गत खोला आधारभूत अस्पतालको DPR तयार गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने।

च. क्लासरुम्स इन दि क्लाउड्स नेपालले यस पालिकाको वडा नः २ अवस्थित श्री लुक्ला आ वि मा यस पालिकासँगको सहकार्यमा निर्माण गरिरहेको ६ कोठे भवन तथा बाल मैत्री शचालयको निर्माण सम्झौताको क्रममा नक्सामा गरिएको परिवर्तन र आर्थिक वर्षको दर रेट अनुसारको मुल्य समायोजन पश्चात बढ्न गएको लागत रु १,१०,८४,०९२.२ यस पालिकाले वेहोर्ने सम्झौता मिति २०७८ चैत १५ मा भएकोमा आजका मितिले परियोजना सम्पन्न गर्न बाँकी रहेको संलग्न लागत अनुमान रु ५०,४१,९२९.५२ बराबरको निर्माण कार्य यस पालिकाबाट अगाडी बढाई दिन हुन एंव यस परियोजनामा हाम्रो संस्थाबाट सम्झौता भन्दा बढी रकम खर्च भएको कारण यस सस्थाले प्रायोजन गरेको लुक्ला आ वि र खरिखोला मा वि का जम्मा ५ जना शिक्षकहरुको नेपाल सरकारले तोके बमोजिमको बढीमा २ वर्ष ८ महिनाको आधारभूत तलव चाडपर्व खर्च र पोशाक भत्ता लगायतका सुविधा यस पालिकाबाट उपलब्ध गरिदिन अनुरोध भएकोमा सम्पन्न गर्न बाँकी रहेको कार्य लाभग्राही समूहबाट तत्काल अगाडि वढाउने र अनुरोध बमोजिम ५ जना शिक्षकहरुको तलव भत्ता समेत गाउँपालिकाबाट भुक्तानी गर्ने व्यव्स्था मिलाउने।